अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-१ संग सम्बन्धित)

बारबर्दिया नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः १ नगरसभाबाट पारित मितिः २०८०-१०-०८

भाग-१

बारबर्दिया नगरपालिका

## बारबर्दिया नगरपालिकाको सूचना।

बारबर्दिया नगरपालिकाको मिति २०८०-१०-०८ गतेको नगरसभा बाट " बारबर्दिया नगर प्रहरी ऐन, २०८०" पारित भई प्रकाशन भएको हुँदा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

## "बारबर्दिया नगर प्रहरी ऐन २०८०"

**प्रस्तावना**

बारबर्दिया नगरपालिका भित्र कानूनको शासन स्थापित गर्दै नागरिकहरुलाई न्याय,सुरक्षा तथा शान्ति सुव्यवस्थाको प्रत्याभूति गर्न, बजार क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्न, नगरक्षेत्र भित्रका प्राकृतिक तथा सांस्कृतिक स्रोत र सम्पदाको संरक्षण र सम्बर्धन गर्न तथा विपद् र अन्य आकस्मिक घटनाहरुको तत्काल सम्बोधन र समन्वय गरी नागरिकको जीउधनको सुरक्षा गर्दै नगरक्षेत्र भित्र शान्ती सुव्यवस्था कायम गरी नगरबासीलाई स्थानीय सरकारको अनुभूति प्रदान गर्नको लागि नगर प्रहरीको गठन, संचालन तथा व्यवस्था गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (क) र बारबर्दिया नगरपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन २०७४ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी बारबर्दिया नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

नगर प्रमुख

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो ऐनको नाम "बारबर्दिया नगर प्रहरी ऐन २०८०" रहेको छ ।

(२) यो ऐन बारबर्दिया नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भए देखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

क) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

ख) "नगरपालिका" भन्नाले बारबर्दिया नगरपालिकालाई सम्झनु पर्दछ ।

ग) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

घ) "उपप्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँदछ ।

च) "नगर कार्यपालिका" भन्नाले बारबर्दिया नगरकार्यपालिकालाई सम्झनु पर्दछ ।

छ) नगर सभा" भन्नाले बारबर्दिया नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

ज) "समिति" भन्नाले नगरपालिका पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

झ) "नगर प्रहरी कर्मचारी" भन्नाले नगरपालिकाबाट नियुक्त भएका नगर प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ।

ञ) "कमाण्डर" भन्नाले टोली प्रमुखलाई सम्झनु पर्दछ ।

ट) "कार्यालय" भन्नाले बारबर्दिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

ठ) "परिवार" भन्नाले नगर प्रहरी कर्मचारीसँग बस्ने निज तथा आफैले पालनपोषण गर्नुपर्ने कर्मचारीको पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्दछ र सो शब्दले पुरुष नगर प्रहरीको हकमा निजको बाजे, बज्यै तथा महिला नगर प्रहरीको हकमा निजको सासु ससुरा समेतलाई जनाउँछ।

ड) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएका बिभिन्न मापदण्ड तथा नीतिगत व्यवस्थालाई सम्झनु पर्दछ ।

ढ) " जवान" भन्नाले अधिकृत बाहेकका नगर प्रहरी जवानलाई सम्झनु पर्दछ ।

नगर प्रमुख

## परिच्छेद-२
## नगर प्रहरी सेवाको गठन

२. नगर प्रहरी सेवाको गठनः (१) नगरपालिकामा नगर प्रहरी सेवा रहनेछ ।

(२) नगर प्रहरी सेवाको गठन र त्यसमा रहने प्रहरी कर्मचारीहरूको संख्या बारबर्दिया नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरसभाले तोके बमोजिम हुनेछ ।

३. नगरपालिकामा रहने नगर प्रहरीको पद र तहः (१) नगर प्रहरीको संख्या संगठन संरचनाको निश्चित पदसोपान तथा कमाण्डरको तहमा आधारित हुनेछ ।

४ नगर प्रहरीको देहाय बमोजिम पद,संगठन संरचना तथा दरवन्दी कायम हुनेछ।

| | | | |
|---|---|---|---|
| क) नगर प्रहरी सहायक निरीक्षक | - | १ जना — | सहायकस्तर चौथो |
| ख) नगर प्रहरी हवल्दार | - | २ जना — | सहायकस्तर तेर्सो |
| ग) नगर प्रहरी जवान | - | ८ जना — | सहायकस्तर प्रथम |

## परिच्छेद -३
## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

५. नगर प्रहरीको काम, कर्तव्य र अधिकारः नगर प्रहरीले आवश्यकता अनुसार नेपाल प्रहरी र अन्य निकायसँग समन्वय गरी देहायको कार्य सम्पादन गर्नेछः-

(१) वजार निरीक्षण, उपभोक्ता हकहितसम्बन्धी कार्यमा निरीक्षण अधिकृतको रुपमा नगर प्रहरी प्रमुखले कार्य गर्ने ।

(२) सार्वजनिक आवागमनमा बाधा पुर्याई बाटोमा राखिएका, सार्वजनिक स्थान ओगटेर राखिएका निर्माण सामग्री र पसल व्यवसायबाट भएका अवरोध हटाउन लगाउने, हटाउन नमानेमा आफै हटाउन र उक्त सामाग्रीहरु नगरपालिकामा ल्याई तोकिए बमोजिमको दण्ड जरिवाना गर्ने गरी फिर्ता गर्ने वा जफत सम्म गर्ने। सो को छुट्टै अभिलेख गर्ने ।

(३) स्थानीय वजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने ।

(४) नगर क्षेत्रभित्र दैनिक रुपमा सिर्जना हुने फोहोरमैला निर्धारित प्रकृया वमोजिम निर्धारित समय र स्थानमा राख लगाउने ।

(५) सार्वजनिक जग्गा, बाटो, मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर, कम्पाउण्ड, टहरा वा त्यस्ता अन्य निर्माण कार्य गरेको, अनधिकृत रुपले उपभोग गरेको र नगरपालिकाबाट निर्माण इजाजत नलिई भवन लगायतको संरचना निर्माण गरेको देखिएमा सो को प्रतिवेदन नगर प्रमुख समक्ष पेश गर्ने ।

नगर प्रमुख

(६) सामुदायिक पशु चौपाया नियन्त्रणमा लिई नगर सभाले तोके बमोजिमको जरिवाना लिई पशु धनीलाई जिम्मा दिने । जरिवाना तिर्न इन्कार गरेमा नियन्त्रणमा लिएको पशु लिलाम प्रक्रियामा लैजाने एवं सामुदायिक पशु चौपाया व्यवस्थापन गर्ने ।

(७) स्वास्थ्यका लागि हानिकारक, सडेगलेका र उपभोग्य म्याद समाप्त भएका खाद्य पदार्थ बिक्री वितरणमा रोक लगाउने र त्यसरी रोक लगाउदा पनि बिक्री गरेको पाईएमा त्यस्ता सामानहरुको विवरण तत्काल तयार गरी नगरपालिकामा प्रतिवेदन पेश गर्ने ।

(८) रोगी वा कानुनले निषेध गरेको पशुपंक्षी , जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी, जीवजन्तुका मासु बिक्री वितरणमा रोक लगाउने अटेर गरेमा त्यस्ता मासु जफत गरी सुरक्षित रुपमा नष्ट गर्ने ।

(९) छाडा कुकुर नियन्त्रण गर्ने र मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

(१०) खतरा उत्पन्न हुने किसिमका रुख, जोखिमपूर्ण घर, पर्खाल, टेलिफोन तथा बिजुलीको तार, पोलको लगत तयार गरी नगर प्रमुख समक्ष पेश गर्ने ।

(११) नगरका मुख्य वजार स्थित वडा समिति, टोल विकास संस्था, आमा समुह वा सामुदायिक प्रहरी सँगको सहकार्यमा सरसफाई अभियान सञ्चालन गरी नगरपालिकाले तोकेको सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन गर्ने ।

(१२) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्न सहयोग गर्ने ।

(१३) सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने/गराउने ।

(१४) नगर कार्यपालिका र नगर सभाबाट पारित ऐन, कार्यविधि, नीति तथा निर्णय कार्यान्वयन गर्ने/गराउने।

(१५) नगरपालिकाको चल, अचल सम्पति( भवन, जग्गा, पार्क, मेसिन, उपकरण आदि) को सुरक्षा गर्ने ।

(१६)ईजाजत विना पेशा व्यावसाय गरेको फेला परेमा सोको प्रतिवेदन तयार गरी नगरपालिकामा पेश गर्ने।

(१७) नगर क्षेत्रमा भित्ते लेखन, पोल ब्यानर, क्रस ब्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन' प्रचारप्रसार सामग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेर गर्नेलाई जरिवाना गर्न सिफारिस गर्ने ।

(१८) विना ईजाजत ब्यानर, होडिङ बोर्ड, ग्लोवोर्ड, नियोन साईन लगायत त्यस्तै प्रकारका अन्य सामाग्री राखेको पाईएमा "ईजाजत लिन लगाउने ।

(१९) नगरपालिकावाट आयोजना हुने सभा, सम्मेलन, तालिम, अभ्यास कार्यक्रम आदि र स्थानीय स्तरमा हुने सभा, समारोह, परम्परा तथा जात्रा चाडपर्वमा सुरक्षा व्यवस्थापन गर्ने ।

(२०) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूची राख्न लगाउने ।

(२१) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज पार्लर जस्ता व्यवसायहरु स्वीकृत मापदण्ड बमोजिम सञ्चालनभए नभएको विषयमा अनुगमन गर्ने र मापदण्ड अनुरुप सञ्चालन नभएको पाइएमा कारवाहिका लागि नगरपालिकामा प्रतिवेदन पेश गर्ने ।

(२२) अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर रेडियो वा ध्वनि उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(२३) नगरमा ध्वनी, धुवाँ, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

(२४) दमकल सेवालाई चौबिसै घण्टा चुस्त र दुरुस्त राख्ने कार्यमा सहयोग गरी आगलागी भएको अवस्थामा तुरुन्त दमकल सहित आगलागी स्थलमा गई आगलागी नियन्त्रण गर्न सहयोग गर्ने

(२५) बिपद वा महामारी फैलिएको स्थानमा खोजी, उद्धार, राहत तथा पुनर्स्थापनाका लागि तुरुन्त खटिएर जाने ।

(२६) कमाण्डरले दिएको आदेश तदारुकताका साथ कार्यान्वयन गर्ने ।

(२७) कानुन बमोजिमको नगर प्रहरी आचरण र अनुशासनमा रहने ।

(२८) आ-आफ्नो पद अनुसार तोकिएको जिम्मेवारी उच्च मनोवल र कुशलतापूर्वक निर्वाह गर्ने ।

(२९) महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अशक्त प्रति सम्मान जनक व्यवहार गर्ने ।

(३०) हिंसापिडित नागरिक तथा दुर्व्यसनीमा परेका युवालाई प्रचलित कानून बमोजिम सहयोग गर्ने ।

(३१) सडक दुर्घटना न्यूनीकरण कार्यमा ट्राफिक प्रहरी एवं नेपाल प्रहरी सँग समन्वय गर्ने ।

(३२) नगरपालिकाको व्यवसाय दर्ता, राजश्व अभिवृद्धि, सचेतना, सरसफाई, घर बहाल कर, बजार अनुगमन लगायतका पटके र नियमित अभियानहरुमा सहयोग गर्ने ।

(३३) नगरक्षेत्र भित्रका निजि सुरक्षा गार्ड आपूर्ति व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूचीतयार गरी लगत राख्ने र सोको नियमित अनुगमन गरी आवश्यक व्यवस्थाका लागि पेश गर्ने ।

(३४) नगरपालिका अन्तर्गत विभाग, शाखा तथा आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

(३५) समाजमा हुने सामाजिक क्रियाकलापहरुलाई मर्यादित र अनुसाशित वनाउन वरघरहरु संग छलफल गर्ने ।

(३६) तोकिए बमोजिमको कार्य जिम्मेवार अधिकृत समक्ष नियमित आन्तरिक संचार सेटबाट मौखिक वा आवश्यकता अनुसार लिखित प्रतिवेदन पेश गर्ने ।

(३७) नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट प्राप्त आदेश कार्यान्वयन गर्ने ।

(३८) नगर कार्यपालिकाले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

नगर प्रमुख

## परिच्छेद - ४
## पदपूर्ति र नियुक्ति

**६. नगर प्रहरीको पदपूर्ति तथा प्रतिशत निर्धारण :** (१) नगर प्रहरीको छनौट खुल्ला प्रतियोगीताद्वारा हुनेछ। यसरी खुल्ला प्रतियोगिताद्वारा छनौट गर्दा पदपुर्ति गरिने पदमध्य कुल रिक्त पदको पचपन्न प्रतिशत खुलातर्फ पदसंख्या निर्धारण गरि बाँकि पैतालीस प्रतिशत पदलाई शतप्रतिशत मानि देहाय बमोजिम उम्मेदवारवीच प्रतिस्प्रर्धा गराई पदपुर्ति गरिनेछ ;

(क) महिला- तेत्तीस प्रतिशत

(ख) थारु:- पचास प्रतिशत

(ग) दलित;-पाँच प्रतिशत

(घ) आदिवासि/जनजाती- तीन प्रतिशत

(ङ) द्वन्द्ध पिडित - तीन प्रतिशत

(च) मधेशी मुस्लिम;- तीन प्रतिशत

(छ) विपन्न खस आर्य - तीन प्रतिशत

(२) दफा ४ को क र ख मा उल्लेखि नगरप्रहरी सहायक निरिक्षक र नगरप्रहरी हवल्दार पद पदपुर्ति गर्दा भुतपुर्व नेपाल प्रहरी, शसस्त्र प्रहरी र नेपाली सेनाबाट मात्र पदपुर्ति गरिनेछ ।

(३) पदपूर्ति गर्दा संक्षिप्त सूचि, प्रारम्भिक स्वास्थ्य तथा शारीरिक तन्दुरुस्ती परीक्षण, लिखित परीक्षा र अन्तरवार्ता विधि अवलम्बन गरी योग्यताक्रमका आधारमा नतीजा प्रकाशन गर्नुपर्नेछ तर भुतपुर्व नेपाली सेना, नेपाल प्रहरी र शसस्त्र प्रहरीबाट तालिम प्राप्त गरि सेवा छाडेका व्यक्तिकालागि अन्तरवार्ता परिक्षा मात्र संचालन गरिनेछ ।

(४) माथि जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि पदपुर्ति समितिले नगरप्रहरी भर्ना प्रकियाका आवश्यक छनौट विधि निर्धारण गरे बमोजिम हुनेछन ।

(५) पदपूर्तिका लागि देहाय बमोजिमको पदपूर्ति समिति हुनेछ:-

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) नगरपालिका क्षेत्रभित्र रहेको सम्बन्धित सुरक्षा निकायको प्रमुख ( १ जना) - सदस्य

(ग) नगरपालिकाको कर्मचारी प्रशासन शाखा प्रमुख - सदस्य-सचिव

**७. नगर प्रहरीको पदपूर्ति गर्दा उम्मेदवारको उमेर योग्यता देहाय बमोजिम हुनेछ:-**

(१) यस ऐन बमोजिम नगरप्रहरी पदपुर्ति गर्दा देहाय बमोजिम उमेर तथा योग्यता पुगेको हुनुपर्नेछ;

| सि.नं. | पद | उमेर | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | नगर प्रहरी सहायक निरिक्षक | १८ बर्ष पुरा भई २५ बर्ष ननाधेको | १०+२ वा सो सरह |
| २ | नगर प्रहरी हवल्दार | १८ बर्ष पुरा भई २४ बर्ष ननाधेको | SLC/ SEE वा सरह |
| ३ | नगर प्रहरी जवान | १८ बर्ष पुरा २३ बर्ष ननाधेको | कक्षा ८ वा सरह |

नगर प्रमुख

(२) उपदफा १ मा जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि भुतपुर्व नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको हकमा शैक्षिक योग्यता लागु हुने छैन ।

(३) माथि जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि भुतपुर्व नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट पदपुर्ति गर्दा प्रहरी सहायक निरिक्षकको हकमा उमेर २१ वर्ष पूरा भई ५० वर्ष ननाघेको, नगर प्रहरी हवल्दारको हकमा उमेर २१ वर्ष पूरा भई ५० वर्ष ननाघेको, नगरप्रहरी जवानको हकमा उमेर हद १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

(४) देहायको व्यक्ति यस ऐन बमोजिम पदपुर्ति प्रकियामा भाग लिन योग्य हुनेछ;

(क) नैतिक पतन देखिने अभियोगमा फौजदारी अभियोगबाट सजाय नपाएको,

(ख) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) प्रचलित कानून बमोजिम शारीरिक रूपमा तन्दुरूस्त रहेको,

(घ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र लिएको,

(ङ) नेपाली नागरिक,

(च) आतङ्कारी सङ्गठनको सदस्य नरहेको,

(छ) उचाई, छाती र तौल देहाय बमोजिम हुनुपर्नेछः -

- पुरुषः- उचाई घटीमा ५ फिट २ ईन्च छाती ३१-३३ इन्च र तौल कम्तीमा ५० किलोग्राम।
- महिलाः- उचाई कम्तीमा ५ फिट र तौल कम्तीमा ४२ किलोग्राम हुनुपर्नेछ ।

८. पदपूर्ति गर्दा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीमा काम गरी सेवानिवृत्तहरूलाई विशेष प्राथमिकता दिइनेछ।

९. नगर प्रहरी सेवाको जुनसुकै पदमा ५८ वर्ष उमेर पुगेपछि अनिवार्य अवकास गरिनेछ।

१०. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पदपूर्तिका लागि प्रतिशत निर्धारण गर्ने,

(ख) खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम निर्धारण गर्ने,

(ग) पदपूर्ति कार्यतालिका बनाउने,

(घ) परीक्षाको किसिम तोक्ने,

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने,

(च) परीक्षा सञ्चालन तथा नतीजा प्रकाशन गर्ने,

(छ) नियुक्तिका लागि सिफारिस गर्ने,

(ज) पदपूर्ति सम्बन्धी अन्य कार्य गर्ने ।

नगर प्रमुख

**११.** पदपूर्ति समितिले बैठक लगायत अन्य आवश्यक कार्य सम्बन्धी कार्यविधि आफै निर्धारण गरी कार्य गर्न सक्नेछ ।

**१२.** पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्दा दरखास्त पेश गर्न कम्तिमा १५ दिनको अवधि दिई सूचना प्रकाशन गर्नुपर्नेछ।

**१३. योग्यताक्रम सूची तयार गर्नेः** (१) उम्मेदवारहरुको संक्षिप्त सूची, लिखित परीक्षा र अन्तरवार्तामा प्राप्त गरेको अंक समेतको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस पेश गर्नेछ ।तर पदपूर्ति गर्दा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीमा काम गरी सेवा निवृत्तहरुलाई अन्तरबार्ता मात्र लिई भर्ना गरिनेछ।

(२) उपदफा (१) बमोजिमको पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस गर्दा कुल रिक्त पदको बढीमा पन्ध्र प्रतिशतसम्म योग्यताक्रम अनुसार बैकल्पिक उम्मेदवार राख्नु पर्नेछ ।बैकल्पिक उम्मेदवारहरुले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ।

(३) उपदफा (१) बमोजिम सिफारीस गरिएका ब्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ।

(४) नियुक्तिका लागि सिफारीस भएको मितिले पैतीस दिनभित्र नगरपालिकाले निर्णय गरी प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति पत्र दिनु पर्नेछ ।

**१४. परिक्षणकालमा राखिनेः** (१) नयाँ नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई ६ महिनाको परिक्षणकालमा राखिनेछ।सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले थप ६ महिना परिक्षणकालमा राख्न सक्नेछ। तर महिला नगर प्रहरी कर्मचारीको हकमा परिक्षणकाल र थप गर्न सकिने परिक्षणकालको अवधि ३/३ महिना मात्र रहनेछ।

(२) उपदफा (१) बमोजिम थप भएको परिक्षणकालमा रहेको कुनै नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति गर्ने अधिकारीले अवकाश दिन सक्नेछ।

**१५. नियुक्ति बदर हुने अवस्थाः** नगर प्रहरी कर्मचारीको कार्य सन्तोषजनक नभएमा जुनसुकै बेला सफाईको मौका दिई सेवाबाट अवकाश दिन सकिनेछ।

**१६. नियुक्ति र दर्ज्यानी चिन्ह प्रदानः** (१) पदपूर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरी नियुक्त गर्नेछ ।

(२) नगर प्रहरीलाई वार्षिक करार सम्झौता गरी कामकाजमा लगाउनु पर्नेछ ।

(३) नगर प्रहरीको नियुक्ति पश्चात् सम्बन्धित पदको दर्ज्यानी चिन्ह प्रमुख प्रशासकीय अधिकृतबाट प्रदान हुनेछ ।

(४) नगर प्रहरीहरूको सेवा करार कार्यसम्पादन सन्तोषजनक भएमा प्रत्येक वर्ष नवीकरण हुनेछ ।

## परिच्छेद - ५
## नगरपालिका प्रशासन र नगर प्रहरीको सम्बन्ध

**१७. नगरपालिकाको प्रशासनको नियन्त्रणमा रहने :** नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा बाहेक समस्त नगर प्रहरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकृतको रेखदेख र नियन्त्रणमा रहने छन् ।

**१८.नगर प्रहरी प्रमुख मार्फत लेखापढी हुने:** नगरपालिकाले नगर प्रहरी संगठनसँग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुख मार्फत गर्नुपर्नेछ ।

**१९.कारबाही गर्दा परामर्श लिने:** नगर प्रहरी कर्मचारीलाई अनुशासन सम्बन्धी कारवाही गर्दा आवश्यकता अनुसार नगर प्रहरी प्रमुखको परामर्श लिनुपर्नेछ । तर, नगर प्रहरी प्रमुखको हकमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसद्वारा नगरकार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ।

## परिच्छेद-६
## बिदा

**२०. बिदा अधिकार नभई सहुलियत मात्र हुने:**

(१) नगर प्रहरी कर्मचारीले बिदालाई अधिकार नभई सहुलियतको रूपमा बुझ्नुपर्ने छ ।

(२) कामको अनुकुल हेरी बिदा दिने अधिकारीले आफ्नो तजविजिबाट बिदा दिन अथवा नदिन पनि सक्नेछ । साथै आवश्यक परेमा बिदामा वसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत बिदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

(३) स्थायी नगरप्रहरीको हकमा नगरपालिकामा कार्यारत स्थायी कर्मचारी सरह बिदा उपलब्ध गराईनेछ। यसका अरिक्त सट्टा बिदा तोकिए बमोजिम उपलब्ध गराईनेछ ।

(४) करार नगरप्रहरीको हकमा सम्झौता पत्रमा उल्लेख गरिए बमोजिम बिदा उपलब्ध हुनेछ ।

(५) **बिदा दिने अधिकारी:** देहायको बिदा स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछ

| <u>विदाको किसिम</u> | <u>बिदा स्वीकृत गर्ने अधिकारी</u> |
|---|---|
| १. भैपरी/पर्व बिदा | नगर प्रहरी प्रमुख |
| २. घर बिदा | प्रमुख प्रशासकीय अधिकृत |
| ३- विरामी बिदा | प्रमुख प्रशासकीय अधिकृत |
| ४. प्रसूति बिदा | प्रमुख प्रशासकीय अधिकृत |
| ५. क्रिया बिदा | प्रमुख प्रशासकीय अधिकृत |
| ६. सट्टा बिदा | प्रमुख प्रशासकीय अधिकृत |

**२१. बिदा परिणत नहुने:** यस परिच्छेद बमोजिम नगर प्रहरी कर्मचारीले जुन बिदा लिई बसेको हो सोही बिदा नै उपभोग गर्नु पर्नेछ । पहिले कुनै एक किसिमको बिदा स्वीकृत भएकोमा त्यस बिदा पछि क्रिया बिदा वा प्रसूति:बिदा बाहेक अर्को किसिमको बिदामा परिणत गराउन पाइने छैन।

२२. कार्यालयमा अनुपस्थित हुने उपर कारवाही: बिदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन।

२३. बिदाको अभिलेख: बिदा दिने अधिकारीले आफ्नो मातहतका सबै नगर प्रहरी कर्मचारीको बिदाको अभिलेख किताब खडा गरी लगत राख्न प्रशासन शाखामा पन्ध्र दिनभित्र अनिवार्य लिखित जानकारी दिनु पर्नेछ।

२४. बिदा लिन नभ्याएमा: कुनै नगर प्रहरी कर्मचारीलाई आवश्यक परी बिदामा नवसी नहुने अवस्था पर्न आएको भन्ने निकटतम माथिल्लो अधिकारीलाई लागेमा र सो बिदा स्विकृत हुने देखिएमा निजले त्यस्तो नगर प्रहरी कर्मचारीलाई बिदामा बस्न लिखित आदेश दिई त्यसको सूचना बिदा दिने अधिकारी समक्ष पठाउनुपर्छ ।

२५. गयल खाली जनाउने: कुनै नगर प्रहरी कर्मचारी गयल परी सो कुराको जनाउ नगरपालिका प्रशासन शाखामा पठाई सके पछि सम्वन्धित नगर प्रहरी कर्मचारीले बिदा स्वीकृत हुन पर्ने व्यहोरा दर्शाई आफू गयल परेको सूचना पाएको मितिले पन्ध्र दिनभित्र आफूलाई गयल गर्ने अधिकारी भन्दा एकतह माथिको सम्वन्धित अधिकारी समक्ष प्रतिवेदन दिन सक्नेछ ।सो प्रतिवेदन उपर छानविन र जाँचपडताल गर्दा नगर प्रहरी कर्मचारीको प्रतिवेदन व्यहोरा साँचो देखिन आएमा सम्वन्धित अधिकृतले आवश्यक कारण सहित पर्चा खडा गरी थमौती गरेको व्यहोरा लेखी पठाउन सक्नेछ ।

२६. झुठो कारण देखाएमा सजाय हुने: कुनै नगर प्रहरी कर्मचारीले कुनै झुट्टा कारण देखाई विरामी बिदा, किरिया बिदा र प्रसूति बिदा लिई वसेको ठहरिएमा त्यस्तो नगर प्रहरी कर्मचारी विभागीय सजायको भागी हुनेछ ।

२७.तालिम अवधिमा बिदा बस्ने वारे : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम अवधिभर सार्वजनिक बिदा र मृत्यु संस्कार बिदा वाहेक साधारणतया अरु कुनै बिदा दिइने छैन।

(२) यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भएता पनि नगर प्रहरी कर्मचारीको बिदा व्यवस्थापन करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद - ७

## आचरण

२८. दान उपहार लिन नहुने: आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्य समेतले नगरपालिकको पूर्व स्वीकृत बिना स्वदेशी तथा बिदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान बकस पुरस्कार कोसेली उपहार स्वीकार गर्नु हुँदैन

२९. चन्दा लिन नहुने: कुनै नगर प्रहरी कर्मचारीले नगरपालिकको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुँदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन।

**३०.सम्पत्तिको बिबरण दिनुपर्ने:** (१) हाल बहालमा रहेको नगर प्रहरी कर्मचारीले यो ऐन लागू भएको तीन महिना भित्र र नयाँ नियूक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र नगरपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नु पर्नेछ ।

१) आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, वैंक मौज्दातका विवरण।

२) आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरात, सुन, चाँदीको अन्दाजी मूल्य।

३) उपदफा १ वमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

**३१. व्यापार व्यवसाय गर्न नहुने:** कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती विना देहायका काम गर्नु हुँदैन:

१) कुनै व्यापार-गर्न ।

२) कुनै फर्मको हिस्सेदार सञ्चालक हुन ।

३) कुनै व्यवसाय चलाउन ।

**३२.नगरपालिकाको काममा थाहा पाएका कुराहरू प्रकाशन गर्न नहुने:** नगर प्रहरी कर्मचारीले नगरपालिकाद्वारा वा बिशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अरू अनाधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिनु हुँदैन ।

**३३. रेडियो वा पत्रिकासँग सम्पर्क राख नहुने:** नगर प्रहरी कर्मचारीले नगरपालिकको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्वारा प्रसारण गर्न हुँदैन । तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक,ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिईरहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ ।

**३४. नगरपालिकाको आलोचना:** नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दै नगरपालिकाको नीतिको विरुद्ध असर पर्ने गरी वा नगरपालिका र नगरवासीमा खलल पुग्ने गरी भाषण, संवाद, लेख रचना प्रकाशन गर्नु हुँदैन ।

**३५. निर्वाचनमा भाग लिन नहुने:** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुँदैन। तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन वमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

नगर प्रमुख

३६. राजनीतिमा भाग लिन नहुने: नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

३७. समय पालन र नियमितता: नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन

३८. अनुशासन र आज्ञापालन: (१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारूकता साथ पालन गर्नुपर्दछ ।

(३) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरूप्रति उचित आदर देखाउनुपर्नेछ ।

३९. नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने: नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्न हुँदैन ।

४०. कानून बिपरीत विवाहमा प्रतिबन्ध: नगर प्रहरी कर्मचारीले मुलुकी फौज्दारी (संहिता) ऐन; २०७४ विवाहवारी सम्बन्धी व्यवस्था विपरीत हुने गरी विवाह गर्नु गराउनु हुँदैन ।

## परिच्छेद -८
## सजाय र पुनरावेदन

४१. सजाय: उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ:

१. नसिहत दिने ।

२. शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने ।

३. तलब रोक्का गर्ने ।

४. तल्लो तहमा घटुवा गर्ने वा तलब घटाउने ।

५. लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलब भत्ताबाट कट्टी गरी असुल गर्ने।

६. भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

७. भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट हटाउने गर्ने ।

४२. नसिहत दिने वा प्रतिकूल राय लेख्ने: नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ। दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरबाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

४३. तलब रोक्ने: नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब रोक्का गर्न सक्नेछ ।

नगर प्रमुख

**४४. दर्जा.र तलब घटाउनेः** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र नगरपालिकालाई हानी नोक्सानी पुर्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

(क) सन्तोषजनक काम नगरेमा ।

(ख) अनुशासनहीन काम गरेमा ।

(ग) आचरणसम्बन्धी नियम उल्लंघन गरेमा ।

(घ) कुनै कामकारबाहीका सम्बन्धमा झुठा कारण देखाएमा।

(ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

(च) मनासिब कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिर भएमा ।

(छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

**४५. नोकरीबाट हटाउने वा बर्खास्त गर्नेः** देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वर्खास्त गर्न सक्नेछः-

(क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी वा दायित्व पुरा गर्न नसकेमा,

(ख) राजनीतिमा भाग लिएमा,

(ग) वरावर अनुशासनहीनताको काम गरेमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएमा,

(ङ) ड्युटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा बर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा, भ्रष्टाचार गरेमा,

(छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरणको पालना नगरेमा,

(ज) आचरण सम्वन्धी नियमहरू बराबर उल्लंघन गरेमा,

(झ) मनासिव कारण नभई वा विदा नलिई विदा बसेमा वा गैरहाजिर भएमा ।

**४६. सफाइ पेश गर्ने सम्बन्धी व्यवस्थाः** (१) नगर प्रहरीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) नगर प्रहरीलाई सजायको आदेश दिनुअघि कारबाही गर्ने लागिएको उल्लेख गरी हुनसक्ने सजाय समेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाइ पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिँदा लगाइएका आरोप स्पष्ट रूपले किटिएको हुनुपर्नेछ ।

(३) त्यस्तो नगर प्रहरीले सजाय गर्ने अधिकारीले तोकेको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्बन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ । तर भागी पत्ता नलागेको वा अरू कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरीको सम्बन्धमा यस ऐन बमोजिमको -रीत पुगाउनुपर्ने छैन।

नगर प्रमुख

(४) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नेछ ।

(५) सफाई पेश गर्ने मौका दिन मनासिब नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरीलाई सफाइ पेश गर्ने मौका दिनुपर्नेछ ।

(६) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयं वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ। जाँचबुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी संग समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(७) कुनै नगर प्रहरीमाथि लागेको कुनै अभियोगको जाँचबुझ गर्नुपरेमा सजाय गर्ने अधिकारीले जाँचबुझ समाप्त नहुञ्जेल सो नगर प्रहरीलाई निलम्बन गर्न सक्नेछ । तर त्यस्तो निलम्बनको अवधि छ महिनाभन्दा बढी हुने छैन । यसरी निलम्बन गर्दा त्यसको कारण र आधार प्रष्ट रूपमा खुलाउनु पर्नेछ।

(८) निलम्बनमा रहेको अवस्थामा निलम्बित नगर प्रहरीले आधा तलब भत्ता पाउनेछ ।

(९) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी थुनिएको अवधिभर स्वतः निलम्बित हुनेछ ।

**४७. पुनरावेदनको कार्यबिधिः** (१) दफा ४९ र सोसँग सम्बन्धित दिइएको सजायको आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने नगर प्रहरीले आफ्नो नामबाट पुनरावेदन दिनु पर्नेछ ।

(२) पुनरावेदन गर्ने व्यक्तिले पुनरावेदनमा आफ्नो सफाइको निमित्त जो भएको प्रमाण राखी पुनरावेदन शिष्ट भाषामा लेखिएको हुनुपर्नेछ । पुनरावेदनका साथमा जुन आदेशको विरूद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कलप्रति राखुपर्नेछ ।

(३) पुनरावेदन दिँदा प्रमुख प्रशासकीय अधिकृत मार्फत् प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

(४) सजायको सूचना पाएको पैतीस दिनभित्र पुनरावेदन दिनुपर्नेछ ।

(५) पुनरावेदन तहबाट भएको निर्णय अन्तिम हुनेछ ।

**४८. सजायको आदेश दिनेः** जाँचबुझको काम समाप्त भएपछि सम्बन्धित नगर प्रहरी कर्मचारीलाई निजसित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टीकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायकोआदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

**४९. सेवाको अन्त गर्नेः** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नुपर्दा यस ऐन वमोजिमको कार्यविधि अपनाउनु पर्नेछैनः-

क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा परीक्षणकालभित्र बारम्बार आचरण उल्लंघन गरेमा

ख) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्टिले अनुपयुक्त ठहर्याएमा ।

नगर प्रमुख

५०. नगर प्रहरी सेवामा पुनर्वहाली भएपछि पूरा तलब भत्ता पाउने: कुनै नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई निज सेवामा पुनर्वहाली भएमा सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि पुनर्वहाली भएको मिति सम्मको पूरा तलव भत्ता र तलव वृद्धि पाउने भए तलब वृद्धिसमेत पाउनेछ ।

## परिच्छेद-९
## सेवा सुविधा

५१.तलब भत्ता: नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको वा बढुवा भएको मितिदेखि तलब भत्ता पाउनेछ। तलब भत्ता नेपाल प्रहरीले पाउने सुविधालाई आधार लिई तोके बमोजिम कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

५२. टाईम स्केल अनुसार तलब पाउने: नगर प्रहरीको पदमा नियुक्ति पाउने व्यक्तिले सामान्यत: टाईम स्केलमा लेखिएको न्युनतम तलब पाउनेछ ।

५३.चाडपर्व खर्च: आफ्नो धर्म, संस्कृति तथा परम्परा अनुसार मनाइने चाडपर्वको लागि प्रत्येक नगर प्रहरीले खाइपाइ आएको एक महिनाको आधारभूत तलब बराबरको रकम चाडपर्व खर्चको रूपमा पाउने छ।

## परिच्छेद-१०
## तालिम

५४. तालिमको व्यवस्था :- नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एंव दक्ष तुल्याउन नगरपालिकाले तोकिए बमोजिमको सेवा प्रवेश तालिम तथा आवश्यकतानुसार अन्य सेवाकालीन तालिमहरू दिन सकिनेछ।

५५. तालिम संचालन हुने स्थान : तालिम नगरपालिकाले तोकेको स्थानमा हुनेछ र सोको खर्च व्यवस्थापन नेपाल प्रहरीको तालिम खर्च मापदण्ड बमोजिम हुनेछ।

५६: तालिमको अवधि : नगर प्रहरी सेवाको सबै अधिकृत तथा जवानहरूको तालिम अवधि नगरपालिकाले तोकेको पाठ्यक्रम अनुसार हुनेछ ।

५७. तालिमको अनिवार्यता : (१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरी कर्मचारीलाई आवश्यकता अनुसार तालिम लिन अनिवार्य हुनेछ । यस्तो तालिममा सम्मिलित गराईएको नगर प्रहरी कर्मचारीहरूले लापरवाही गरी आफ्नो व्यावसायिक ज्ञानप्रति उदासिनता तथा गैर जिम्मेवारी देखाएमा सो व्यहोरा अभिलेखमा जनाइनेछ ।

(२) व्यवसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजलाई पुन: एकपटक तालिमको मौका दिइनेछ । तत् पश्चात् पनि उदासिनता र गैर जिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ ।

५८. तालिमको पाठ्यक्रम : विभिन्न तालिमहरूको पाठ्यक्रम तयार गर्न नगर प्रहरी प्रमुख समेत रहने एक समिति गठन हुनेछ ।

नगर प्रमुख

## परिच्छेद-११
## पोषाक

५९. नगर प्रहरी पोषाक : (१) नगर प्रहरीको पोसाकको रङ्ग गाढा हरियो हुनेछ।

(२) नगर प्रहरीले प्रयोग गर्ने पोसाक देहाय बमोजिम हुनेछः-

(क) कार्यालय पोसाक (Working Dress)

(ख) फिल्ड पोसाक (चुस्ता ड्रेस)

(ग) सेरोमोनियल पोसाक

(३) प्रत्येक नगर प्रहरी कर्मचारीलाई अनुसूची १ र २ मा तोके बमोजिमको पोसाक र सामान पहिलो पटक नियुक्ति भए पश्चयात् तत्काल उपलब्ध गराइनेछ । पहिलो पटक पोसाक उपलब्ध गराउँदा नेपाल सरकारको पोषाक सुविधा मापदण्डले नपुग भएमा थप रकम समेत सोही शीर्षकबाट भुक्तानी हुनेछ ।

(४) दफा ५९ को उपदफा (२) (ग) को पोषाक नगर प्रहरी कर्मचारीलाई_उपलब्ध गराईनेछ।

## परिच्छेद-१२
## बिविध

६०. आदर्श वाक्यः बारबर्दिया नगर प्रहरीको आदर्श वाक्य "समुन्नत बारबर्दियाः सबल नगरवासी,"बारबर्दिया नगर प्रहरी" हुनेछ ।

६१. लोगोः बारबर्दिया नगर प्रहरीको लोगो अनुसूची - ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

६२. कुम व्याजः (१) बारबर्दिया नगर प्रहरीको कुम व्याज अनुसूची - ४ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) भूतपूर्व सेवाबाट भर्ना भएका नगर प्रहरी कर्मचारीले आफु बहाल हुँदा प्राप्त गरेको पदक तथा रिबन प्रयोग गर्न पाउने छन् ।

६३. सञ्चार सेटः नगर प्रहरीको कार्यसम्पादन प्रभावकारी बनाउन कार्यालयले आवस्यकता अनुसारका संचार सेट लगायतका साधन उपलब्ध गराउनु पर्नेछ।

६४. आवासःनगर प्रहरीलाई ब्यारेक प्रणालीमा बस्ने गरी कार्यालयले आवस्यक ब्यवस्था मिलाउनसक्नेछ।

६५. करारतर्फ कार्यरत प्रहरी कर्मचारीको सेवा सुविधा सम्बन्धी विषय नगरसभा, नगरकार्यपालिका कार्यालयको निर्णय एवं करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

६६. स्थायी वा करारतर्फ कार्यरत कुनै प्रहरी कर्मचारीले पोसाक लगायत सामग्री प्राप्त गरेको छ महिनाभित्र सेवाबाट अलग भएमा सो वापतको खर्च नगरपालिकाले निजको पारिश्रमिकबाट कट्टा गर्नेछ वा सामग्री फिर्ता गर्नु पर्नेछ ।

६७. कार्यपालिकाको निर्णय बमोजिम करार संझौता नविकरण गर्न सकिनेछ।

६८. करारमा नियुक्ति हुने नगर प्रहरी कर्मचारीको पारिश्रमिक,सेवा शर्त तथा सुविधाहरु करार सम्झौतामा उल्लेख भएवमोजिम हुनेछन।

६९. उपदफा ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्य सम्पादन स्तर सन्तोषजनक नरहेको नगरप्रहरीको करार म्याद कार्यलयले नविकरण गर्ने छैन ।

७०. **शपथ ग्रहणः** नगर प्रहरीमा नयाँ नियुक्त हुने सवै नगर प्रहरी कर्मचारीले राष्ट्रिय झण्डा छोई अनुसूची -५ बमोजिमको ढाँचामा सपथग्रहण लिनुपर्नेछ ।

७१. नगर प्रहरी सेवाका कुनै पदमा साधारणतया कायममुकायम मुकरर गरिनेछैन। तर पद रिक्त भएको अवस्था परी कार्यालयको दैनिक कार्य संचालन गर्न बाधा पर्न गएमा कायम मुकायम मुकरर गर्न सकिनेछ।

७२. **बाधा अड्काउ फुकाउः** नगर प्रहरीको सेवा, शर्त, सुविधा र सञ्चालन यस ऐनमा व्यवस्था भएको हदसम्म यसै ऐन बमोजिम हुनेछ । यस ऐनको प्रयोगको क्रममा कुनै बाधा अड्काउ परेमा नगर सभा/नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

७३. **नियम बनाउन सक्नेः** यो ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक उपनियम बनाउन सक्नेछ र त्यस्तो उपनियम नगरपालिकाको राजपत्रमा प्रकाशन पश्चात् लागू हुनेछ ।

७४. **मापदण्ड, निर्देशिका, नियमावली र कार्यविधि बनाउन सक्नेः** यो ऐनको कार्यान्वयनको लागि नगर सभा/ कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका, नियमावली तथा कार्यविधि बनाउन सक्ने छ ।

७५. **ऐन संशोधनः** यो ऐनमा नगरसभाले आवश्यक संशोधन गर्न सक्ने छ ।

नगर प्रमुख

अनुसूची-१

परिच्छेद ११ को दफा (५९) सँग सम्बन्धित

प्रारम्भिक पोसाक

## प्रारम्भिक पोसाक (व्यक्तिगत):

| क्र.स. | विवरण | संख्या | खपत अवधी (वर्ष) |
|---|---|---|---|
| १ | गरम मौसमको टेरिकटन कमिज | २ | १ |
| २ | गरम मौसमको टेरिकटन पैन्ट | २ | १ |
| ३ | सादा चुस्ता सेट | १ जोर | १ |
| ४ | ब्यारेट क्याप | १ | २ |
| ५ | सिट्टी | १ | १० |
| ६ | सिट्टी कर्ड | १ | ३ |
| ७ | वेभ वेल्ट | १ | ४ |
| ८ | पि.टी.( टि सर्ट तथा हाप पैन्ट) | २ जोर | १ |
| ९ | स्पोर्टस जुत्ता/मोजा | १ जोर | २ |
| १० | डि.एम.एस. बुट | १ जोर | ३ |
| ११ | प्रहरी कुम ब्याज | १ | १० |
| १२ | टोपी ब्याज | १ थान | १० |
| १३ | कालो छालाको वेल्ट | १ | १० |
| १४ | पानी बर्षादी | १ | ५ |
| १५ | कटन मोजा | १ | १ |
| १६ | फरेश क्याप (अधिकृत) | १ | १० |
| १७ | टप बुट (अधिकृत) | १ | २ |

| | | | |
|---|---|---|---|
| १८ | नेम प्लेट (धातु) | १ | १० |
| १९ | नेम प्लेट (कपडा) | १ | २ |
| २० | दर्ज्यानी चिन्ह (धातु) | १ जोर | १० |
| २१ | दर्ज्यानी चिन्ह (कपडा) | १ जोर | २ |
| २२ | कलर ड्रक्स (अधिकृत) | १ जोर | ३ |

## अनुसूची--२

### परिच्छेद ११ दफा (५९) सँग सम्बन्धित जाडो मौसमको पोषाक

| क्र.स. | विवरण | संख्या | खपत अवधि |
|---|---|---|---|
| १ | उनी कमिज | २ | ३ वर्ष |
| २ | उनी पाईन्ट | १ | ३ वर्ष |
| ३ | पार्का ज्याकेट | १ | ४ वर्ष |
| ४ | उनी मोजा | १ जोर | १वर्ष |
| ५ | उनी जर्सी | १ जोर | ३ वर्ष |
| ६ | उनी अण्डर वेयर | २ जोर | ३ वर्ष |
| ७ | उनी गन्जी (हाईनेक) | २ जोर | २ वर्ष |

अनुसूची-३

परिच्छेद १२ दफा ६१ सँग सम्बन्धित

## लोगोको ढाँचा

लोगोः  दुईवटा धानको बाला, खुकुरी डण्डा, राष्ट्रिय झण्डा, धानको बालाको मुनी "बारबर्दिया नगर प्रहरी" "समुन्नत बारबर्दियाः सवल नगरवासी" लेखिनेछ ।

# कुम व्याजको लोगो र रङ्ग

**कुम व्याजको रङ्गः** भित्र भुईमा हल्का निलो, त्यसको माथि नगरपालिकाको नक्शा गाढा हरियो रङ्ग, दुईवटा धानको बाला पहेंलो रङ्ग, खुकुरी डण्डा सेतो रङ्ग, राष्ट्रिय झण्डा तोकिएकै रातो रङ्ग, त्यसको पहिलो बाहिरी घेरा खैरो रङ्ग र अन्तिम बाहिरी किनारा कालो रङ्ग राखिनेछ। माथि नेपालीमा "बारबर्दिया नगर प्रहरी", बिचमा धानको बालाको मुनि "नगरबासीको सेवामा समर्पित" र तल अंग्रजीमा ठुलो अक्षरमा "BARBARDIYA CITY POLICE" लेखिनेछ ।

# अनुसूची-५

## परिच्छेद १२ दफा ७० सँग सम्बन्धित

## पद तथा गोपनियताको सपथ ग्रहणको ढाँचा

बारबर्दिया नगरपालिकाको समृद्धि तथा सुव्यवस्थाको लागि नगरवासीको सेवामा समर्पित भई नेपालको संविधान तथा बारबर्दिया नगरपालिका प्रति पूर्ण निष्ठावान रही आफ्नो सम्पूर्ण योग्यता, ज्ञान र विवेकले भ्याएसम्म आफ्नो कर्तव्यलाई भय, पक्षपात, लोभ, माया, द्वेषभाव नगरी पालना गर्नेछु भनी म ...................... ले सत्य निष्ठाका साथ प्रतिवद्धता सहित यो प्रतिज्ञा गर्दछु, देश र जनताको, बारबर्दिया नगरपालिका र नगरबासीको नाममा शपथ लिन्छु ।

| शपथ ग्रहण गर्नेको: | शपथ ग्रहण गराउनेको: |
|---|---|
| सही: | सही: |
| नाम: | नाम: |
| मिति: | मिति: |
| स्थान: | स्थान: |

मिति......................महिना ..........रोज....................शुभम् ।

आज्ञाले
दिपक कुमार आचार्य
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत